दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ९७ | बुटवल | २०८१ चैत २१, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Apr. 03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# मन्त्री घटाऔं, मुख्यमन्त्री प्रत्यक्ष चुनौं : गगन

**प्रदेशमा बढीमा पाँच सदस्यीय मन्त्रिपरिषद् बनाउनुपर्ने थापाको सुझाव छ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*



नेपाली कांग्रेसका महामन्त्री गगन थापाले दुई ठूला दल मिलेर बनेको वर्तमान सरकार अंकगणितको हिसाबले बलियो भए पनि जनताको भरोसा र विश्वास आर्जन गर्न चुकेको बताएका छन् । महामन्त्री थापाले जनताको भरोसा आर्जन गर्ने विषयमा सरकारले कामको गति अघि बढाउनुपर्ने सुझाव दिए । नेपाली कांग्रेस रुपन्देही क्षेत्र नं. ५ को क्षेत्रीय सम्मेलनको बुधबार रुपन्देहीको कञ्चन गाउँपालिका ३ रुद्रपुरमा उद्घाटन गर्दै महामन्त्री थापाले कांग्रेस र एमालेको गठबन्धनबाट बनेको सरकार बलियोमात्रै भएर पुग्दैन,जनताको विश्वास आर्जन गर्ने गरी काम गनुपर्नेमा जोड दिए ।

'सरकारको कामको गति मिलेको छैन, अब जनताले सरकारले दिने सेवाबाट सन्तुष्ट गरी कामलाई अघि बढाउनुपर्दछ ।'-उनले भने । पछिल्लो समय जनतामा आक्रोश बढिरहेको र राजावादी समूहले जनतामा रहेको असन्तुष्टीलाई दुरुपयोग गर्ने गरी आगोमा घिउ थप्ने काम गरिरहेको उनले बताए । देशको स्थायित्वका लागि संविधान संशोधनको आवश्यकता औंल्याउँदै महामन्त्री थापाले अब संघ र प्रदेशमा मन्त्रीको संख्या घटाउनु पर्ने र प्रदेशको मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित गराउने व्यवस्था गर्नुपर्ने धारणा राखे । 'संघ र प्रदेशमा यति धेरै मन्त्री चाहिएको छैन, प्रदेशमा मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित गराएर बढीमा पाँच सदस्यीय मन्त्रिपरिषद् बनाऔं ।'-थापाले भने । नेपाली कांग्रेस संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले जनतामा रहेको असन्तुष्टी सम्बोधन गर्ने गरी र देशको आवश्यकतालाई हेरेर संविधानमा पनि संशोधन गर्नुपर्ने उल्लेख गरे ।

पूर्वराजा ज्ञानेन्द्रले मुलुकमा भाँडभैलो, उत्पात मच्चाएर शासन-सत्ता हत्याउन चाहेको उनले बताएका छन् । काठमाडौंको तीनकुनेमा १५ चैतमा देखिएको घटनाले पूर्वराजाको नियत स्पष्ट पारेको थापाले बताएका हुन् ।

'पूर्वराजा ज्ञानेन्द्र शाह नेपालमा उत्पात मच्चाएर, भाँडभैलो गरेर सत्ताकब्जा गर्न चाहनुहुन्छ । आफ्नो हातमा शासन सत्ता लिएर चलाउन चाहनुहुन्छ । यसमा लुकेको केही छैन,' उनले भने-'तर उहाँको चाहना पूरा हुँदैन ।'

नेपालको राजतन्त्र बेलायतको जस्तो मर्यादित भएर बस्न नसक्ने पटकपटक पुष्टि भएको बताएका महामन्त्री थापाले कि राजाको शासन, कि जनताको शासन रोज्नु पर्ने अवस्थामा नेपाली कांग्रेसले जनताको शासन रोजेको स्पष्ट पारे ।

'यहाँको राजसंस्था बेलायतको जस्तो होइन रहेछ, संवैधानिक भएर बस्न पटकपटक मौका दिँदा पनि यहाँका राजाहरूले शासन हातमा लिइरहे । त्यसपछि हामीसँग दुई विकल्प थिए, राजाको शासन, कि जनताको,' थापाले भने-'अनुभव, विवेक र ज्ञानको आधारमा नेपाली कांग्रेसले अधिवेशनबाटै संवैधानिक राजतन्त्र भन्ने विधानमा रहेको व्यवस्था बदलेर गणतन्त्र लेखेको हो ।'

बीपी, गणेशमानदेखि गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवासम्मलाई राजाले पटक-पटक दुःख दिएको उनको भनाइ थियो ।

'राजा त्रिभुवन नेपाल छाडेर भारत जाँदा बीपीले त्यतै छोडेर आउन पनि सक्नु हुन्थ्यो । तर, उहाँ त्रिभुवनलाई लिएर आउनु भयो । राजा महेन्द्रले २०१७ सालमा 'सैनिक कू' गर्दै जननिर्वाचित प्रधानमन्त्रीलाई आठ वर्ष जेल हाले । बीपी र गणेशमानले जति नै दुःख पाए पनि हामी संवैधानिक राजतन्त्र चाहन्छौं भनिरहनुभयो,' विगत सम्झँदै थापाले भने-'दरबार हत्याकाण्डपछि ढुंगामुढा खाएर घाउचोट सहेर गिरिजाप्रसाद कोइरालाले ज्ञानेन्द्रलाई राजगद्दीमा बसाएकै हो । तर, उनी संवैधानिक बस्न तयार भएनन् र माघ १९ को कदम चाले ।'

माघ १९ को कदम चाल्नु अघिल्लो दिन शेरबहादुर देउवाले राजालाई भेटेर अरु जे गरे पनि प्रजातन्त्र नमास्न आग्रह गरेको चर्चा गर्दै थापाले भने-'भोलिपल्टै तिनै राजाले देउवालाई नै जेल हाले ।'

कलिलो उमेरमा आफू पनि राजातन्त्रको समर्थक रहेको भन्दै थापाले भने- 'दरबार हत्याकाण्डमा राजा वीरेन्द्र मारिँदा १३ दिनसम्म यो कपाल खौरिएर पशुपतिको पारिपट्टी दिनभर बसेर फर्किन्थें । अभिभावक गुमाएकोजस्तो लाग्थ्यो,' राजतन्त्रले दिएका दुःख सम्झँदै उनले भने-'मलाई पहिलोपटक राजद्रोहको मुद्दा लागेपछि अदालतमा संविधान मान्छु, राजतन्त्र मान्छु भनेर बयान दिएको थिएँ ।

तर, दोस्रोपटक पनि राजद्रोहको मुद्दा लगाएपछि संविधान मान्दिनँ, राजतन्त्र मान्दिनँ भनेर बयान दिएँ । कलिलो उमेर थियो । तर, एक, दुई वर्षको अन्तरालमै जे अनुभव गरियो, त्यसले अब राजा बोक्न सकिँदैन भन्ने स्पष्ट बनायो ।'

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य भरतकुमार शाहले देशमा विकास भएको, तर जनताले सोंचे र खोजे अनुसारको विकास नभएको कारण असन्तुष्टी बढेकोले अब विकासको गति बढाउनु पर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य गंगा शाही, केन्द्रीय सदस्य अब्दुल रज्जाक, लुम्बिनी प्रदेश अध्यक्ष अमरसिंह पुन,रुपन्देही सभापति रामकृष्ण खाँण उप-सभापति डा. अनिता शाह, कांग्रेस रुपन्देही ५ कासभापति बसिउल्लाह मुसलमान, बसिउद्धिन खाँन, फकुरद्धिन खाँन, कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकाल, कञ्चनका सभापति देवीराम रेग्मी, नेविसंघका प्रकाश उपाध्याय, रामबहादुर थापा, सचिव कृष्णप्रसाद शर्मालगायतले बोल्दै संगठन सुदृढीकरण गरेर ०८४ को निर्वाचनमा ठूलो पार्टी बनाउने संकल्प गर्नुपर्ने बताएका थिए ।

## ओली-मोदी भेटवार्ता हुने



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबिच भेटवार्ता हुने भएको छ । शुक्रबार थाइल्यान्डको राजधानी बैंककमा उनीहरूबिच भेटवार्ता हुने परराष्ट्र मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन् ।

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगाल खाडीको प्रयास (बिमिस्टेक) को छैटौं सम्मेलनका अवसरमा ओली र मोदीबिच साइडलाइन वार्ता हुने निश्चित भएको परराष्ट्र स्रोतले जानकारी दिएको छ। परराष्ट्रमन्त्री आरजु राणाले भारतीय समकक्षी एस जयशंकरसँग ओली र मोदीबिच भेटवार्ताका लागि पहल गरेकी थिइन् । परराष्ट्रमन्त्री राणाकै पहलमा दुई देशका प्रधानमन्त्रीबिच शुक्रबार अपराह्न भेटवार्ता हुने निश्चित भएको बताइएको छ । उनीहरूबिच दुई पक्षीय हितका विषयमा छलफल हुने अधिकारीहरुको भनाइ छ। नेपाल र भारत सम्बन्धको सुदृढीकरण र आपसी हितका विषयमा छलफल हुने भनिएको छ। एजेन्डाका विषयमा अहिल्यै सबै कुरा निश्चित नभएको उनीहरुको भनाइ छ।

नेपाल सरकारले आगामी जेठ २, ३ र ४ गते काठमाडौंमा सगरमाथा संवाद कार्यक्रम आयोजना गर्दैछ । सरकारले उक्त कार्यक्रमको प्रमुख अतिथिको निमन्त्रणा पनि भारतीय प्रधानमन्त्री मोदीलाई दिएको छ।

परराष्ट्रमन्त्री राणा राइसिना डायलगमा सहभागी हुन गत चैत पहिलो साता नयाँ दिल्ली गएका बेला विदेशमन्त्री एस जयशंकरमार्फत् प्रमुख अतिथिको निमन्त्रणा दिएको स्रोतको भनाइ छ। सरकारले प्रमुख अतिथिको रूपमा मोदीलाई बोलाए पनि उनी आउने नआउने निश्चित भइसकेको छैन । प्रधानमन्त्री ओलीले त्यस विषयमा पनि भारतीय समकक्षीसँग छलफल गर्ने बताइएको छ । प्रधानमन्त्री ओली आफैंले सगरमाथा संवादका लागि समकक्षी मोदीलाई आग्रह गर्ने प्रधानमन्त्री कार्यालय स्रोतको भनाइ छ । प्रधानमन्त्री ओली र भारतीय समकक्षी मोदीबिच यसअघि गत असोज ६ गते न्युयोर्कमा भेटवार्ता भएको थियो। संयुक्त राष्ट्रसंघको ७९औं महासभामा भाग लिन अमेरिका गएका बेला प्रधानमन्त्री ओली र मोदीबिच करिब आधा घन्टा साइडलाइन वार्ता भएको थियो । परराष्ट्रमन्त्री राणाको विशेष पहलमै ओली र मोदीबिच न्युयोर्कमा भेटवार्ता संभव भएको थियो।

त्यतिबेला भारतीय प्रधानमन्त्री मोदीले नेपाल-भारत सम्बन्धलाई अझ गति दिन चाहेको बताएका थिए । उक्त भेटमा ऊर्जा, प्रविधि र व्यापारजस्ता मुद्दामा छलफल भएको दाबी मोदीले एक्समार्फत् जानकारी गराएका थिए । 'भारत–नेपाल मित्रता धेरै बलियो छ र हामी हाम्रो सम्बन्धलाई अझ गति दिन चाहन्छौं । हाम्रो वार्ता ऊर्जा, प्रविधि र व्यापारजस्ता मुद्दाहरूमा केन्द्रित थियो ।'- त्यतिबेला मोदीले भनेका थिए।

## मदिरा पिएर हाकिमबाट मेयर–उपमेयरमाथि अभद्र व्यवहार



बुटवल । बर्दियाको बारबर्दिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिपककुमार आचार्य मदिराले मातेर कार्यालयमा आई झगडा गरेका छन् ।

नगरप्रमुख छविलाल थारूका अनुसार, प्रमुख प्रशासकीय अधिकृत आचार्यसहित आर्थिक विकास समितिका संयोजक कृष्ण गौतम र सहायक प्राविधिक पाँचौं तहका कर्मचारी नगेन्द्र भण्डारी मंगलबार मदिरा सेवन गरी कार्यालय आएका हुन् ।

मदिरा सेवन गरे पनि गौतम र भण्डारीले कुनै बदमासी नगरेको उनले बताए । प्रमुख प्रशासकीय अधिकृत आचार्य मेयर थारू र उप-मेयर रत्नकुमारी पाण्डेसँग झगडा गरी अभद्र व्यवहार गरेका थिए ।

मंगलबार आचार्य समयमा कार्यालय पनि आएका थिएनन् । उप-मेयर पाण्डेका अनुसार तीन जना दिउँसो साढे दुई बजेतिर मदिराले मातेर कार्यालय आएका थिए ।

उप-प्रमुख पाण्डेले सम्झाउँदै संयमित भएर बोल्न आग्रह गरे पनि आचार्यले झनै मनपरी बोलेको बताइन् । उनले भनिन्-'उहाँ मेरो कार्यकक्षमा प्रवेश गरेपछि अरू कसैलाई भित्र प्रवेश गर्न दिनुभएन । मैले सम्झाउँदा पनि मान्नुभएन ।' मदिराले मातेका आचार्य अराजक शैलीमा प्रस्तुत भएपछि डराएकी पाण्डे सुटुक्क भागेर मेयरको कार्यकक्षमा पुगेकी थिइन् ।

उप-प्रमुख पाण्डेका अनुसार, कार्यकारी अधिकृतले गरेको व्यवहारबारे प्रमुखलाई जानकारी गराएपछि प्रहरीलाई जानकारी गराइएको हो । प्रहरीले तिनै जनालाई नियन्त्रणमा लिएको थियो ।

इलाका प्रहरी कार्यालय जयनगरबाट आएको प्रहरी वरिष्ठ नायब निरीक्षक बालबहादुर थापाको नेतृत्वमा आएको टोलीले आचार्य, गौतम र भण्डारीलाई पक्राउ गरेको थियो । त्यसपछि नगर अस्पताल लगेर उनीहरूको मापसे परीक्षण गरियो । आचार्यले मदिरा सेवन गरेको पुष्टि भए पनि गौतम र भण्डारीले मदिरा सेवन गरेको नदेखिएको अस्पतालको रिपोर्टमा उल्लेख छ ।

मंगलबार बेलुकीपख भने आचार्य, गौतम र भण्डारी तीनै जनालाई आफन्तको जिम्मा लगाइ छोडिएको छ ।

प्रहरीले नियन्त्रणमा लिएपछि पनि आचार्यले आफ्नो फेसबुकमा मनपरी र तथ्यहीन कुराहरू लेखेर बदनाम गर्न खोजेको उप-मेयर पाण्डेको भनाइ छ ।

» बाँकी ३ पेजमा

## कृषि थोक बजार केन्द्रको टेण्डर खोल्न माग

टेण्डर नखोल्नुमा ठूलो आर्थिक चलखेल भएको व्यवसायीको आरोप छ।



**लुम्बिनी संवाददाता**

*बुटवल*

बुटवल ६ स्थित बुटवल कृषि उपज तथा थोक बजार केन्द्र लामो समयदेखि विना टेन्डर सञ्चालनमा रहेको भन्दै अविलम्ब टेण्डर खोल्न व्यवसायीहरुले माग गरेका छन् । दश वर्षका लागि गरिएको सम्झौता सकिएको लामो समय हुँदा पनि केन्द्रको सटरमा रहेका व्यापारीले नियोजितरुपमा अदालती झमेला निकालेर सटरमा अवैधरुपले कब्जा जमाएको भन्दै अन्य व्यवसायीहरुले टेण्डर खोल्न माग गरेका हुन् । २०८१ भदौ २४ गते कृषि बजार व्यवस्थापन समितिले ६८ वटा सटर भाडामा लगाउने गरी बोलपत्रको सूचना प्रकाशन गरेको थियो । सोहीअनुसार ६८ वटा सटरको लागि २ सय ६७ वटा बोलपत्र दर्ता भए पनि अदालतमा मुद्दा परेको भन्दै लामो समयदेखि उक्त टेन्डर खोलिएको छैन । बुटवलमा पत्रकार सम्मेलन गरी टेण्डरमा सहभागी व्यवसायीहरु ऋषव पोखरेललगायत २५ जना व्यवसायीहरुले अविलम्ब टेण्डर खोल्न माग गरेका हुन् । टेण्डर नखोल्नुमा ठूलो आर्थिक चलखेल भएको व्यवसायीको आरोप छ ।

२६७ जना व्यवसायीले टेण्डरका लागि लाखौं रुपैयाँ धरौटी रकम बैंकमा जम्मा गरेको, तर टेण्डर नखुल्दा व्यवसायीले नोक्सानी व्यहोर्नुपरेको पोखरेलले गुनासो गरे । 'नियमसम्मत रुपमा भएको टेण्डर अविलम्ब खोल्नुपर्दछ, यदि खोलिएन भने थप कानुनी उपचार खोज्छौं,' पोखरेलले भने -'नगर प्रमुख खेलराज पाण्डेयले आफ्नो कार्यकालभरि व्यवसायीलाई नहटाउने भाषण गर्दै कानुनी राज्यको उपहास गरिहनुभएको छ ।'

कृषि थोक बजार केन्द्र बुटवल क्षेत्रमा पहिलो पटक सरकारी, नीजी र साझेदारी (पीपीपी) मोडल अनुसार २०६७ सालमा सुरु भएको थियो । जसमा बुटवल उप-महानरपालिका, संघीय सरकारको कृषि मन्त्रालयअन्तर्गतको कृषि पूर्वाधार विकास महाशाखा र व्यवसायीहरुले संयुक्त लगानी गरेका थिए ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# गौतमबुद्ध विमानस्थल चलाउने दीगो आधार तयार गर

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवाबाट हुँदै आएको अन्तर्राष्ट्रिय उडान आइतबारदेखि पुनः रोकिएको छ। गत कात्तिकदेखि जजीरा एयरवेजसहित तीन विमान कम्पनीले यहाँबाट उडान थालेपछि लुम्बिनीको पर्यटन प्रवर्द्धनमा आशा जगाएको थियो। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान थालेका जजीरा, फ्लाई दुबई र थाइएयर एशियाले समर सेड्युल अर्थात् अप्रिलबाट अक्टोवरसम्म उडान गर्न अनुमती नलिएपछि ३० अर्ब लगानीमा बनेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सुनसान भएको छ।

गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान विस्तार गर्नसक्दा लुम्बिनीको पर्यटन प्रवर्द्धन गर्न सकिन्छ भन्ने विश्वास थियो। लुम्बिनी आउन चाहने संसारभरका बौद्धमार्गीलाई गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले सहज बनाएको सन्देश प्रवाह भइरहेको बेला एकाएक उडान गर्दै आएका विमान कम्पनीले उडान रोकेका छन्। लुम्बिनीको पर्यटन प्रवर्द्धनबाट यस क्षेत्रले मात्रै नभई मुलुककै समृद्धिको यात्राको ढोका खोल्न सक्छ। तर राज्यको अर्बौं लगानीको विमानस्थल चलाउने दिगो आधार तयार हुन सकेको छैन। एकातिर भारतले सहज हवाइ रूट दिइरहेको छैन। अर्कोतिर विमानस्थल चलाउनका लागि आवश्यक राज्यका अरु युनिट पनि भैरहवामा स्थापित हुन सकिरहेका छैनन्। सरकारले भैरहवाबाट नियमित अन्तर्राष्ट्रिय उडानको लागि कार्ययोजना तयार गऱ्यो, तर कार्ययोजनाअनुसार काम हुन सकेन्। केही छुट सुविधाहरु केही कार्यान्वयन भए पनि श्रमस्वीकृति, स्वास्थ्य परीक्षण, भिसालगायत सुविधाका भैरहवामा स्थापना हुनुपर्ने कार्यालय स्थापना नहुनु सरकारको कमजोरी हो। अब छिटोभन्दा छिटो आवश्यक कार्यालय स्थापना गर्न ढिलाइ गर्न हुन्न।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्तिकदेखि उडान कटौतीपछि भैरहवा बलियो विकल्प बन्न सक्छ भन्ने विश्वास थियो। पूर्वाधार विस्तारका लागि भन्दै गएको २३ कात्तिकदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल राति १० बजेदेखि बिहान ८ बजेसम्म बन्द गरेर १४ घन्टामात्रै सञ्चालनमा ल्याइएको थियो। राति १० बजेपछि विमानस्थल बन्द हुने भएपछि नेपाल नागरिक उड्डयन प्राधिकरणले दैनिक ४ वटा उडान गर्ने तथा काठमाडौंमा नयाँ उडान अनुमति माग्ने वायुसेवा कतार, फ्लाई दुबई, थाई एयर एसिया र जजीराका उडानलाई शर्तसहित भैरहवा पठाएको थियो। भैरहवा आउने एयरलाइन्सहरूलाई सरकारले विभिन्न सेवामा सहुलियतलगायतका आकर्षक प्याकेज घोषणा गरेको छ। भैरहवा विमानस्थलबाट सेवा प्रदानका लागि हवाई टिकटमा लाग्ने गरेको प्रतियात्रु ३ हजार रुपैयाँ, यात्रु सेवा शुल्क र १ हजार रुपैयाँ पर्यटन शुल्क पूर्ण छुट, ग्राउन्ड ह्यान्डिलङमा ७५ प्रतिशत छुट, ल्यान्डिङ, पार्किङ र नेभिगेसन शुल्कमा पूर्ण छुट प्रदान गरिएको छ। यसका अलावा काठमाडौं विमानस्थलभन्दा हवाई इन्धनमा पनि प्रतिकिलोलिटर १ सय अमेरिकी डलर छुट दिइएको छ।

अब सरकारले विमानस्थल सञ्चालनका लागि दीगो आधार तयार गर्नुपर्छ। विमान कम्पनी चल्नका लागि यात्रु आवश्यक पर्छ। यात्रु यहाँ आउने वातावरण तयार गर्ने काम सरकारको हो। यात्रु पाइने निश्चित भए विमान कम्पनी यहाँ आउँछन्।

# गणतन्त्रका चुनौती र अबको बाटो



प्रेमलकुमार खनाल

किसानलाई समयमै मल, बिउ, प्रविधि र प्राविधिक सहायता उपलब्ध गराउन, किसानले उत्पादन गरेको वस्तुको बजार र मूल्य सुनिश्चित गर्न ७५३ वटै पालिकामा कृषि सामग्री, बिउबिजन, खाद्य तथा व्यापार कम्पनी, दुग्ध विकास संस्थान, नेपाल औषधि लिमिटेड, साझा यातायात, साझा प्रकाशनलगायतका जनसेवासँग जोडिएका सार्वजनिक संस्थानको शाखा, बिक्री डिपो पुऱ्याउन संघीय प्रणालीअनुरूप स्थानीय सरकारको समेत लगानीमा पुनर्संरचना गर्नुपर्छ।

पेरिस कम्युनमा झैं यतिवेला मुलुकमा पुनरुत्थानवादी शक्तिहरू सल्बलाइरहेका छन्। खासगरी हिजोको सामन्तवादका नायक ज्ञानेन्द्र शाहका अभिव्यक्ति र गतिविधि अनि ज्ञानेन्द्रको नाम लिएर पुनरुत्थानवादी पूर्वपञ्चहरूले संविधान, गणतन्त्र र नेपाली जनताको सार्वभौम अधिकारविरुद्ध दिइरहेका अभिव्यक्ति र गरिरहेका गतिविधिप्रति ०६२/६३ को जनआन्दोलनका अगुवा राजनीतिक दल र तिनका नेताहरूले गम्भीरतापूर्वक आत्मसमीक्षा गर्नुपर्ने भएको छ।

यतिवेला पुनरुत्थानवादीहरूले संसद्देखि सडकसम्म संविधानविरुद्ध अभिव्यक्ति दिनुका साथै विभिन्न गतिविधि गरिरहेका छन्। आखिर यस्तो के कारणले भइरहेको छ ? यसबारे सटिक विश्लेषण गरी गणतन्त्रवादी दलले आत्मसमीक्षा गरी भए गरेका कमि कमजोरी सुधार्न जरुरी छ। पुनरुत्थानवादीहरूले जनताले भोगिरहेका समस्यालाई लिएर लोकप्रियतावादी राजनीति गरिरहेका छन्। देशमा अनेकन काण्डका कारण भ्रष्टाचार बढेको छ र नेताहरू भ्रष्टाचारमा मुछिएका छन्। यति मात्र होइन, सत्तामा रहेका राजनीतिक दलका नेताले अकुत सम्पत्ति आर्जन गरेको आरोप पनि लागिरहेको छ। खासगरी गत निर्वाचनमा पुनरुत्थानवादी, लोकप्रियतावादी र स्वतन्त्र उम्मेदवारले झन्डै १०/१२ लाख मत प्राप्त गरेका छन् भने जनआन्दोलनकारी राजनीतिक दल, वामपन्थी र लोकतान्त्रिक राजनीतिक दलको मत घटेको छ।

तर, राजनीतिक दल र नेताहरूले निर्वाचनको नतिजाप्रति चासो दिएका छैनन्। आफ्नै दलका नेता या आफैँविरुद्ध अनेक आक्षेप लाग्दा पनि दल र नेताहरूले आत्मसमीक्षाको खाँचो महसुस गरेका छैनन्। यसले आज दल र नेताको छविमा ह्रास आइरहेको छ भने प्रणालीमा चुनौती खडा भएको छ। ज्ञानेन्द्र शाहलगायत पुनरुत्थानवादीहरूले धमिलो पानीमा माछा मार्ने कोसिस गरी जनतामा भ्रम छरिरहेका बेला दलका नेताहरूले चाहिँ आफू सच्चिनुको साटो जनताका आँखामा बिझाउने काम गरेर पुनरुत्थावादीहरूले छरेको भ्रमलाई बल दिइरहेका छन्। आज मुलुकमा राजनीतिक, आर्थिक संकट जुन ढंगबाट सिर्जना भएको छ, यसको मूल पहिचान गरी समाधान गर्नुको विकल्प छैन।

अहिले गणतान्त्रिक व्यवस्थामा चुनौती खडा हुनुमा पेरिस कम्युनको असफलतासँग नेपालको राजनीतिलाई पनि तुलनामा गरेर हेर्नुपर्छ। ७२ दिनसम्म रहेको पेरिस कम्युन किन कायम भएन ? वास्तवमा क्रान्तिकारीहरूले पेरिस कम्युन कायम गर्न केही भुल गरे। खासगरी विरोधीका सेनालाई निःशस्त्र नगर्नू, फ्रान्सका बैंकमाथि कब्जा नगर्नू, भर्सेलिज र प्रसियाका शत्रु पक्षको सेनालाई परास्त गर्न नसक्नु, पुँजीपतिलाई जेल हाल्नुको सट्टा विदेश बहिर्गमनको अवसर दिनु, विरोधीलाई सहरभित्र आवतजावत गर्न दिनु, किसानलाई संगठित गरी उनीहरूबाट सहयोग लिन नसक्नु, पेरिस कम्युनलगत्तै भएको निर्वाचनमा विरोधीलाई उठ्ने मौका दिनु, ग्रामीण भेगसम्म पेरिस कम्युनको विजयको सन्देश प्रवाह नहुनु र राज्यसत्ता टिकाउन मजदुर नेताहरू क्रान्तिकारी सिद्धान्त र संगठनमा संलग्न नहुनुजस्ता कारणले पेरिस कम्युन ७२ दिनभन्दा बढी टिक्न सकेन। पेरिस कम्युनझैँ नेपालमा पनि पुनरुत्थानवादीहरूले संविधानभित्रै बसेर संविधानको विरोध गरी राजसंस्थाको वकालत गरिरहेका छन्।

नेपालमा पनि ०४६ र ०६२/६३ का जनआन्दोलनमा आइपुग्दा आन्दोलनमा दमन गर्नेहरूविरुद्ध अध्ययन गर्न गठित मल्लिक र रायमाझी आयोगका प्रतिवेदनले सिफारिस गरेका दोषी व्यक्तिलाई आन्दोलन र परिवर्तनको सफलतापछि गठित सरकारहरूले कारबाही गर्न नसकेपछि पूर्वपञ्च र पुनरुत्थानवादीहरूले टाउको उठाउने मौका पाए। यति मात्र नभई बहुदल कालमा पूर्वपञ्चहरूलाई प्रधानमन्त्री बनाएर कांग्रेस र एमालेले सुनपानी छर्के चोख्याउने काम गरे। यो यिनको महाभुल थियो। यस्तै, गणतन्त्रपछि कांग्रेस र एमालेले नेतृत्व गरेका सरकारमा पूर्वपञ्चलाई उपप्रधानमन्त्री र मन्त्री बनाउनु उनीहरूको ठूलो भुल र अवसरवादी राजनीतिको पराकाष्ठा हो।

दोस्रो जनआन्दोलनको सफलतापछि पूर्वराजा ज्ञानेन्द्र शाहले राज्यको सुरक्षामा सामान्य नागरिक भएर बस्ने कबुल गरेर राज्यले आवास र सुरक्षा उपलब्ध गराएको थियो। तर, आन्दोलनयताका चार-पाँच वर्षदेखि देश तथा भारतलगायत विभिन्न देशको भ्रमणमा निस्कने र हिजोको राजतन्त्रकालकै हिसाबले जनतालाई जयजयकारका नारासहित जुलुसमा सहभागी गराउने, जनताको अभिवादन ग्रहण गर्ने, राजतन्त्र जिन्दावाद, राजा आऊ देश बचाउ, गणतन्त्र मुर्दावाद, हिन्दु राजा जिन्दावादजस्ता नाराबाजीबिच ज्ञानेन्द्रले स्वागत अभिवादन ग्रहण गर्दै हिँडे। यसरी हिजोकै राजतन्त्रकालीन समयमा झैँ ज्ञानेन्द्रको स्वागतमा सुरक्षा दिनु राज्यको ठुलो कमजोरी हो। पुनरुत्थानवादीहरूले सडकका यस्ता असंवैधानिक गतिविधि गरिरहेका वेला खासगरी एमालेले पूर्वपञ्चहरूसँग चुनावी तालमेल गरी पूर्वपञ्च तथा राजावादीलाई विजयी गराएर संसद् प्रवेशमा सघायो। यो एमालेको ठुलो भुल, गैरसिद्धान्तनिष्ठ र अवसरवादी राजनीतिको प्रमाण हो।

गणतन्त्र आएपछि युगान्तकारी परिवर्तनको अनुभूति हुने गरी सरकारले राहत र रोजगारीमार्फत् जनतालाई सन्तुष्टि प्रदान गर्न सक्नुपर्थ्यो। गरिब र बेरोजगारको संख्यामा हरेक वर्ष बढोत्तरी भएको छ। तर, देशभित्र रोजगारी नहुँदा ६०/७० लाख युवा वैदेशिक रोजगारीमा जान बाध्य भएका छन्। अनियमितता र भ्रष्टाचार बढेको छ। जनतामा निराशा र आक्रोश छ। श्रमिक र किसान समस्याग्रस्त छन्। उद्योग, कलकारखाना सञ्चालन हुन सकेका छैनन्। अनौपचारिक अर्थतन्त्र हाबी भएको छ। श्रमिकको जीवनयापन कष्टकर बन्दै गएको छ।

सामाजिक सुरक्षाको दायरा विस्तार हुन सकेको छैन। सार्वजनिक खर्चमा मितव्ययिता कायम नहुँदा राजस्वले साधारण खर्च धान्न नसकेर झन्डै दुई खर्ब आन्तरिक तथा बाह्य ऋणबाट अर्थतन्त्र सञ्चालन गर्नुपर्ने स्थिति छ। सार्वजनिक पदका नियुक्तिमा दलीय भागबन्डाका कारण 'मेरिटोक्रेसी'लाई लत्याइएको छ। दलका नेताहरू अनियमितता र भ्रष्टाचारका काण्डसित प्रत्यक्ष, अप्रत्यक्ष जोडिएका छन्। यिनै विविध कारणले जनतामा तीव्र निराशा छाएका कारण पुनरुत्थानवादीहरू सलबलाइरहेका छन् र सदनदेखि सडकसम्म संविधानविरोधी गतिविधि गरिरहेका छन्। बढ्दो महँगी, भ्रष्टाचार, बेरोजगारी र सत्ता सञ्चालकहरूका गैरजिम्मेवार हर्कतले काठमाडौंका सडकमा राजावादीहरूलाई अराजकता मच्चाउने आधार दिएको हो। राज्य सञ्चालनका क्रममा भएका यस्ता अनेकन कमजोरीले आज पुनरुत्थानवादीहरूले जुन असंवैधानिक गतिविधि गरिरहेका छन्, यसलाई राजनीतिक दल र सरकारले गम्भीरतापूर्वक लिनुपर्छ र जनताको मन जित्ने ढंगबाट काम गर्नुपर्छ। शिथिल अर्थतन्त्रलाई पुनर्जीवन प्रदान गर्न र जनतालाई राहत र परिवर्तनको अनुभूति प्रदान गर्न अब सरकारले ठोस नीति तथा कार्यक्रम अगाडि सार्नुपर्छ। उत्पादनशील क्षेत्रमा व्यापक लगानी गरेर उत्पादन र व्यापक रोजगारी विस्तार गर्ने नीति नै अहिलेको प्रमुख आर्थिक नीति हुनुपर्छ। अर्थतन्त्र सुधारका लागि सरकारले सुशासनमा विशेष जोड दिनुपर्छ। विगतमा अनियमितता र भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाउनेहरूको सम्पत्ति छानबिन गरी जफत गर्ने र डिजिटलाइजेसनसँगै ठुला नोटको नोटबन्दी गर्ने काम गर्नुपर्छ।

सार्वजनिक खर्चमा कटौती गरी मितव्ययिता कायम गर्न सरकारले साहसिक कदम चाल्नुपर्छ। यस क्रममा केन्द्रमा विषय मिल्ने मन्त्रालयलाई आपसमा गाभेर बढीमा १५ र प्रदेशमा बढीमा पाँच मन्त्रालय कायम गर्ने, मन्त्री, सांसद र जनप्रतिनिधिको निश्चित प्रतिशत तलब सुविधा र पारिश्रमिकमा हाललाई कटौती गर्ने, मन्त्री तथा सांसदका स्वकीयसचिव, प्रेस सल्लाहकार, विज्ञ नियुक्ति गरी सरकारी खर्च बढाउनुको साटो विद्यमान कर्मचारीतन्त्रका विज्ञ कर्मचारीकै सहयोग लिएर खर्च कटौती गर्नुपर्छ।

सरकारी सवारीसाधनमा हुने खर्च घटाउन विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ। यसका लागि अधिकृतदेखि सबै तहका कर्मचारीका लागि सामूहिक सुविधासम्पन्न बस, माइक्रोबसलगायत परिवहनको व्यवस्था गरी व्यक्तिगत तवरमा सवारीसाधन सुविधा, सवारीचालक, मर्मत-सम्भार खर्च, पेट्रोल, डिजेल खर्च दिने सुविधा हटाउनुपर्छ। सार्वजनिक खर्च घटाउन प्रदेशका प्रमुख र मुख्यमन्त्रीलाई काठमाडौं उपत्यकामा आवासगृह सुविधा दिने व्यवस्थाको साटो सरकारी काममा काठमाडौं आउँदाजाँदा आतेजाते दैनिक भ्रमण भत्ता तथा सरकारी आर्थिक सुविधा उपलब्ध गराउनुपर्छ।

ज्येष्ठ नागरिकका लागि स्वास्थ्योपचार र यातायात सेवा सुविधा निःशुल्क उपलब्ध गराएर सामाजिक सुरक्षामा सार्वजनिक खर्चको शिरोभार घटाउँदै लैजाने नीति अवलम्बन गर्नुपर्छ। यस्तै, यातायातको सुविधा भएको र भौगोलिक सुगमतालाई ध्यानमा राखेर गाउँपालिका तथा नगरपालिकाको संख्या घटाउनुपर्छ। जनतालाई राहत र रोजगारी तथा उत्पादन वृद्धिका लागि अल्पकालीन, मध्यकालीन र एक-दुई वर्षमा लागू गरिसक्ने गरी राष्ट्रिय कार्यक्रम घोषणा गर्नुपर्छ।

गरिब र बेरोजगारलक्षित पहिलो वर्षका लागि चार-पाँच खर्बको राष्ट्रिय कोष खडा गरी राष्ट्रिय उत्पादन तथा रोजगारी वृद्धि कार्यक्रम घोषणा गर्ने, कोष स्थापना गर्न केन्द्रीय बैंक, राष्ट्रिय वाणिज्य बैंक र विभिन्न राष्ट्रिय कोषलाई शोधभर्ना गर्ने गरी परिचालन गर्ने, गरिब तथा बेरोजगार लक्षित कार्यक्रमका लागि स्थानीय पालिकाबाट तथ्यांक संकलन गर्ने, स्वरोजगारीका लागि स्थानीय तहमै घुम्ती सीप विकास तालिम प्रदान गर्ने, सीपमूलक तालिम लिएकालाई स्थानीय पालिकाको सिफारिसमा व्यवसाय, उद्यम सञ्चालन गर्न सस्तो र सुलभ तवरबाट स्थानीय बैंकहरूबाट पुँजी कर्जा प्रदान गरी उद्यम स्वरोजगारमा सहभागी गराउनुपर्छ।

खेतीयोग्य बाँझो जमिनमा माटो परीक्षण गरी सहकारीमा आधारित पकेट खेती, पशुपालन, फलफूल खेतीका लागि स्थानीय पालिकाको सहजीकरण र व्यवस्थापनमा कृषकलाई उत्प्रेरित र प्रोत्साहित गरिनु जरुरी छ। यस क्रममा राष्ट्रिय उत्पादन बढाउने, आयात प्रतिस्थापन गर्ने तात्कालिक कार्यक्रम सञ्चालन गर्नुपर्छ। किसान र उद्यमीले उत्पादन गरेको वस्तुको बजार र मूल्यको सुनिश्चितता गर्न ७५३ वटै पालिकामा सरकार र स्थानीय उद्यमीको लगानीमा सहकारीमा आधारित कृषि उपज खरिदबिक्री केन्द्र तथा कोल्ड स्टोरेज स्थापना गर्नुपर्छ।

किसानलाई समयमै मल, बिउ, प्रविधि र प्राविधिक सहायता उपलब्ध गराउन, किसानले उत्पादन गरेको वस्तुको बजार र मूल्य सुनिश्चित गर्न ७५३ वटै पालिकामा कृषि सामग्री, बिउबिजन, खाद्य तथा व्यापार कम्पनी, दुग्ध विकास संस्थान, नेपाल औषधि लिमिटेड, साझा यातायात, साझा प्रकाशनलगायतका जनसेवासँग जोडिएका सार्वजनिक संस्थानको शाखा, बिक्री डिपो पुऱ्याउन संघीय प्रणालीअनुरूप स्थानीय सरकारको समेत लगानीमा पुनर्संरचना गर्नुपर्छ।

गरिब तथा बेरोजगार जनता र श्रमिकलाई राहत प्रदान गर्न रासन कार्ड वितरण गर्ने र ७५३ वटै पालिकामा सरकारको लगानीमा सुपथ मूल्यका पसल खडा गरी रासन कार्डका आधारमा बिक्री-वितरण गर्नुपर्छ। उखु किसान, मिटरब्याज पीडित तथा सहकारी पीडितका समस्या समाधान गर्न तत्कालै कदम चाल्नुपर्दछ।

सरकारले जनतालाई राहत प्रदान गर्ने, राष्ट्रिय उत्पादन र रोजगारी वृद्धि गर्ने र सुशासन कायम गर्ने राष्ट्रिय संकल्पसाथ राष्ट्रिय कार्यक्रम घोषणा गरी इमानदारीपूर्वक कार्यान्वयन गर्ने हो भने जनतामा नयाँ खालको उत्साह सिर्जना हुनेछ र अर्थतन्त्रलाई पुनर्जीवन प्रदान गर्न सकिन्छ। यसले धमिलो पानीमा माछा मार्न उद्यत प्रतिगामी र पुनरुत्थानवादी शक्ति स्वतः परास्त हुनेछन्। नयाँ पत्रिकाबाट

# नेप्से परिसूचक २३ अङ्कले बढ्यो



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार दोहोरो अङ्कको वृद्धि देखिएको छ। नेप्से परिसूचक २३ दशमलव ८६ अङ्कले बढेर दुई हजार सात सय दशमलव शून्य चारको बिन्दुमा कायम भएको हो।

तीन सय १८ कम्पनीको एक करोड चार लाख ४२ हजार ६८३ कित्ता शेयर ५३ हजार ८८४ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ४४ करोड ४४ लाख ३५ हजार ९०१ बराबरको कारोबार भएको छ। कारोबारमा उत्पादन तथा प्रशोधन र निर्जीवन बिमा समूहको उपसूचक घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ।

सबैभन्दा बढी व्यापार समूह नौ दशमलव ४४ र वित्त समूह तीन दशमलव १२ प्रतिशतले बढेको छ। सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

# मेवा: कति फाइदा, कति बेफाइदा ?

जनस्वास्थ्य विज्ञहरूले स्वस्थ जीवनका लागि खानामा पौष्टिक आहारको अपरिहार्यतालाई जोड् दिन्छन्। सही मात्रामा सही खानपान स्वास्थ्यका लागि निफै फाइदाजनक हुन्छ। स्वस्थ तथा पौष्टिक आहारले थुप्रै स्वास्थ्य समस्याबाट समेत जोगाउने गर्छ।

पौष्टिक आहारमा फलफूल तथा हरियो सागपातलाई बढी लिने गरिन्छ। स्वस्थ रहनका लागि फलफूलका साथै हरियो सागपातको सेवन गर्न सुझाव दिने गरिन्छ। कुनै बिरामी हुँदा त डाक्टरले विशेष फलफूलको सिफारिस नै गर्छन्।



यस्तो पौष्टिक आहारमा मेवा पनि एक हो। विशेषज्ञका अनुसार मेवा पनि स्वास्थ्यका लागि निकै फाइदाजनक हुन्छ। मेवाको सेवनले थुप्रै प्रकारका रोगबाट छुट्कारासमेत दिन्छ। मेवाको सेवन कुनै अवस्थामा स्वास्थ्यका लागि हानिकारक पनि हुनसक्छ।

मेवालाई भिटामिन 'ए' को उपयुक्त स्रोत मानिन्छ। मेवामा भिटामिन 'ए' का साथै भिटामिन सी पनि पाइन्छ। मेवामा प्रचुर मात्रामा पानी, प्रोटीन, कार्बोहाइड्रेट, क्षार तत्त्व, क्याल्शियम, फस्फोरस, आइरन आदि पाइन्छ। प्राकृतिक रुपमा यसमा फाइबर, क्यारोटिन र मिनरल्स पनि भरपूर मात्रामा पाइन्छ।

कपाललाई बलियो बनाउनका लागि मेवाको रस उपयोगी हुन्छ। विशेषज्ञका अनुसार क्यान्सरबाट जोगाउनका लागि मेवाको बीउ उपयुक्त मानिन्छ। अधिक तौल हुँदा मोटोपन घटाउनका लागि मेवाको सेवन उपयुक्त हुन्छ। उच्च रक्तचापको समस्या भएका बिरामीका लागि काचो मेवाको सेवन फाइदाजनक हुन्छ। रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका बिरामीका लागि पनि मेवाको सेवन उपयुक्त मानिन्छ।

तर, गर्भावस्थामा भने मेवाको सेवन गर्नु हुँदैन। मेवामा लेटेक्स पाइन्छ। जसले पाठेघर साँघुरिने जोखिम हुन्छ। र, गर्भ पतन, प्रसव पीडा र बच्चालाई असहजता हुनसक्ने जोखिम हुन्छ। स्तनपान गराइरहेका महिलालाई पनि मेवाको सेवन नगर्न सुझाव दिने गरिन्छ। अधिक मेवाको सेवन जन्डिसको कारण बन्न सक्छ।

नाकमा समस्या भएका, दमका रोगी र स्वाससम्बन्धी समस्या भएका बिरामीले पनि मेवाको सेवन गर्नु हुँदैन। मेवाको अधिक सेवनले पत्थरीको जोखिम पनि रहन्छ। एक वर्षभन्दा कम उमेरका बालकालिकालाई पनि मेवाको सेवन गराउनु हुँदैन।

# क्षमता विकास तालिम सम्पन्न



देवदह । रुपन्देहीको देवदहमा सञ्चालित दुई दिने क्षमता विकास तालिम सम्पन्न भएको छ । देवदह नगरपालिका, उप-प्रमुखसँग महिला कार्यक्रमअन्तर्गत महिला स्वास्थ्य स्वयमसेवीकाको क्षमता वृद्धि गर्ने गरी तालिमको आयोजना गरेको हो ।

तालिमलको समापन गर्दै उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गले स्वास्थ्यको क्षेत्रमा महिला स्वास्थ्य स्वयम्सेवीको योगदान महत्वपूर्ण रहेको बताउँदै उनीहरुको क्षमता विकास गर्नको लागि उप-प्रमुखसँग महिला कार्यक्रमअन्तर्गत तालिम सञ्चालन गरेको बताइन् । उनले नागरिकसँग प्रत्यक्ष जोडिने महिला स्वास्थ्य स्वयम्सेविकाको क्षमता विकास गर्न आवश्यक रहेको बताउँदै महिला स्वास्थ्य स्वयम्सेविकालाई सम्मान गर्ने गरी पालिकाले योजना बनाएको जानकारी दिइन ।

समापनको अवसरमा भगवती पराजुली, शोभादेवी श्रेष्ठ, अकलुन निसा मुसलमान, इन्दिराकुमारी महत, सारदादेवी क्षेत्री, टिकादेवी पाण्डे, पार्वती थरुनी, तिलकुमारी लामिछाने, अम्बिका पौडेल, माया पौडेललाई नगदसहित सम्मान गरिएको थियो ।

तालिमा डा. सुजन पौडेल, काशीराम रेग्मी, रामप्रसाद पन्थी, माया पुन, मिनु पुन, देवी विकलगायतले सहजीकरण गरेका थिए । उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा महिला स्वास्थ्य स्वयम्सेविका पवित्रा नेपाली, चन्द्रानी पाण्डेलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

देवदह नगरपालिका स्वास्थ्य शाखा प्रमुख काशीनाथ बन्जाडेको धन्यवाद ज्ञापन र गिरी तरामुको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# वडास्तरीय भलिबल प्रतियोगिताको उपाधि देवदह-६ लाई

चैत्र २० । देवदह धनुषबाँण क्लबको आजोजनामा सम्पन्न वडास्तरीय भलिबल प्रतियोगिताको उपाधि देवदह-६ ले हात पारेको छ । फाइनल खेलमा देवदह-७ लाई पराजित गर्दै वडा नं ६ ले उपाधि हात पारेको हो ।

खेलको पहिलो सेट २२-२५ ले हात पारेको वडा नं. ७ ले अन्य २ सेटमा जितलाई निरन्तरता दिन सकेन । दोश्रो र तेश्रो सेट २५-२० र २५-२२ ले जित्दै वडा नं. ६ ले २-१ को अग्रता बनायो । चौथो सेट वडा नं. ७ ले २५-११ को फरकमा जित्दै खेललाई २-२ को बराबरीमा लैजान सफल भयो । अन्तिम सेटमा १५-८ को फराकिलो जित निकाल्दै देवदह-६ ले उपाधि कब्जा गर्न सफल भयो । उपाधिसँगै देवदह-६ ले नगद ३५ हजार, शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ । द्वितीय हुने देवदह-७ ले नगद २५ हजार शिल्ड, मेडल र प्रमाण पत्रमा चित्त बुझाएको छ ।

यसअघि तेश्रो स्थानको लागि भएको खेलमा देवदह-५ विजयी भयो । खेलमा सरनवारीलाई सोझो सेटमा हराउँदै देवदहद-५, तृतीय हुन सफल भएको हो । जितसँगै देवदह-५ ले नगद १५ हजार, शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । देवदह-५ संग पराजित भएको वडा नं. ६ सरनवारीले सान्त्वना स्थान हासिल गर्दै नगद ७ हजारसहित शिल्ड र प्रमाणपत्र प्राप्त गर्यो । देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नगर खेलकुद विकास समितिका सदस्य मिलन मास्कीरानालगायतको उपस्थिति रहेको थियो ।



क्लबका अध्यक्ष लक्ष्मण सिंकिजाको अध्यक्षता, सल्लाहकार विष्णु गुरुङको स्वागत र सचिव कृष्ण तिवारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको हो ।

## मदिरा...

मेयर थारूले पावर टिलर खरिदमा पाँच लाख रुपैयाँ घुस खान नपाएपछि आफूलाई बदनाम गर्न र फसाउन षड्यन्त्र गरेको फेसबुकमा लेखेका छन् ।

मेयर थारूका अनुसार आचार्य मंगलबार कार्यालय समयमा आएका थिएनन् । उनले भान्सेमार्फत् गरिबसँग विश्वेश्वर कार्यक्रमकी सुशिला पौडेल र पोषण शाखामा कार्यरत सुजना घिमिरेलाई अवकाश पत्र पठाएका थिए । सहायक लेखापाल सतेन्द्र जिसीलाई प्रदेशमा र अर्का चौथो तहका कर्मचारी लेखनाथ पौडेललाई संघमा काज फिर्ताको पत्र पठाएका थिए ।

त्यो पत्र मैले चलानी हुन नदिएर मेयर थारुले रोकिदिएका थिए । पत्र रोकिएपछि फोनमै मनपरी बोलेका थिए । 'सम्झाउन खोज्दा उहाँले मलाई फोनमै तँ थारू, तँलाई सडकछाप बनाइदिन्छु भन्दै धम्की दिनुभएको थियो ।'–उनले भने ।

त्यो फोन वार्ता भएको केही बेरमै, दिउँसो साढे २ बजेतिर प्रमुख प्रशासकीय अधिकृत आचार्य मदिराले मातेर उप-मेयर पाण्डेको कार्यकक्षमा पुगेका थिए ।

समग्र कर्मचारी र नगरकै बदनाम हुने अवस्था देखेपछि आफूले प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलगायतलाई अवगत गराएको उनले बताए । यो घटनाबारे बुधबार कार्यपालिका बैठक बसेर निर्णय गर्ने पनि उनले बताए ।

नगरले किसानको ५० प्रतिशत लगानीमा पावर टिलर खरिद गर्न थालेको हुँदा कसैले बदमासी गर्न नपाओस् भनेर इबिडिङ गर्दा त्यो आचार्यलाई मन नपरेको मेयर थारूले बताए । सुर्खेतका आचार्य आगामी बैशाख १४ गते अनिवार्य अवकाशमा जाँदैछन् । दिउँसै मदिरा सेवनपछि मातेर कार्यालयमा आएर झैँझगडा गरेका प्रमुख प्रशासकीय अधिकृतविरुद्ध मुद्दा चलाउने कार्यपालिका बैठकले निर्णय गरेको छ ।

बुधबार बसेको कार्यपालिका बैठकले प्रमुख प्रशासकीय अधिकृतले गल्ती गरेको भन्दै कानुनी कारबाहीका लागि मुद्दा हाल्ने गर्ने निर्णय गरेको हो । मेयर छविलाल थारूले कार्यपालिका बैठकले गैरजिम्मेवार हर्तक गरेको हुँदा प्रमुख प्रशासकीय अधिकृतमाथि कानुनी कारबाही गर्ने निर्णय गरेको जानकारी दिए ।

## कृषि...

जसअनुसार सुरुवाती वर्षमा व्यवसायी(निजी) क्षेत्रबाट लुम्बिनी फलफूल तरकारी थोक व्यवसायी समितिमार्फत् १० वर्षको लागि लगानी गर्ने र सम्झौता अनुसार लगानी गरिएको रकम सटर भाडा बापत प्रत्येक महिना कटौती गर्ने समझदारी थियो । जसअनुसार २०७७ सालमा नै व्यवसायीहरुको बहाल सम्झौता समाप्त भएको छ ।

कोरोना महामारीको बेला थप अर्को निर्णय नहुँदा सम्मको लागि उक्त सम्झौतालाई निरन्तरता दिने निर्णय भए अनुसार व्यवसायीहरुले अहिले सम्म पनि पुरानै भाडा दरमा बस्दै आएका छन् । नयाँ टेण्डर प्रकृया लम्ब्याउन त्यहाँ बसिरहेका केही व्यवसायीले रुपन्देही जिल्ला अदालतमा आफूहरु बहालमा बस्न पाउनुपर्ने, संस्थापक सदस्यको रुपमा निश्चित सटर आफूहरुलाई छुट्याएर मात्रै टेन्डर गर्नुपर्ने माग गर्दै गत साउन ७ गते मुद्दा दर्ता गरेका थिए ।

जस अनुसार जिल्ला अदालतबाट संस्थापक सदस्यहरुको कोटा निर्धारण गरी पुनः टेन्डर गर्नआदेश भएको छ । यो विषयमा अन्तरिम आदेशको माग सहित जिल्ला अदालतभन्दा पहिला नै केही व्यवसायीहरले सर्वोच्चमा समेत रिट हालेका थिए । तर सर्वोच्चले रिट खारेज गरिदिएको थियो । नयां टेण्डरमा नजाँदा राज्यलाई ठूलो आर्थिक नोक्सानी भएको र टेण्डरमा सहभागी व्यवसायीमाथि अन्याय भएको व्यवसायी बोधराज भण्डारीले बताए ।

बुटवल कृषि उपज थोक बजार सञ्चालक समितिका अध्यक्ष घनश्याम भुषालले पछिल्लो समयमा जिल्ला अदालतबाट भएको आदेश अनुसार अनिर्णयको बन्दी भएको भन्दै आफूले टेन्डर पक्रिया सुरुवात गर्न माग सहित, छिटो निर्णयको लागि उच्च अदालत बुटवलमा समितिको तर्फबाट रिट समेत दायर गरिएको जानकारी दिए । यसबाट आएको निर्णयअनुसार आफू टेन्डर खोल्ने पक्षमा रहेको जानकारी दिए ।

**लुम्बिनी प्रदेश रूपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं ०६ चादबारीमा कार्यान्वयन गरिने लुम्बिनी सिटी अस्पताल एण्ड मेडिकल साइन्स प्रा.लि. प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार सम्बन्धी**

## सार्वजनिक सूचना

(प्रकाशित मिति :२०८१/१२/२१)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः लुम्बिनी सिटी अस्पताल एण्ड मेडिकल साइन्स प्रा.लि.<br>ठेगानाः रूपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं ०६ चादबारी , लुम्बिनी प्रदेश<br>फोन :९८५७०२८७४७<br>इमेलःbasantagc747@gmail.com |
| प्रस्तावको व्यहोरा | १०० शय्या सहितको अत्याधुनिक सेवा सुविधा सहितको अस्पताल<br>कित्ता नं : १६४, १६५, २०५, २०७, २०८, २२३, २११, २१२, ८ क ४१९८, ११४, १६१, १६०, ७६, ७८, ६५३, ६५१, ६५२कुल क्षेत्रफल : ४,०७८.३२ वर्ग मिटर<br>प्रस्ताव बारे सामान्य जानकारी<br>मेडिकल प्रयोग प्रयोगशाला (एक्सरे, इमेजिग भिडियो एक्स-रे, सिटिस्क्यान, एमआरई) ब्लड बैंक, विर्यब्यांक, अंग प्रत्यारोपण बैंकहरू, रगत परीक्षण तथा<br>विश्लेषण गर्ने प्रयोगशालाहरू, थल एम्बुलेन्स सेवा<br>कुल लागत : ने.रु. ६० करोड ( निजी लगानी) |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा. | रूपन्देही जिल्ला/ बुटवल उपमहानगरपालिका, वडा नं ०६ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण(IEE)सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न रूपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं ०६ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथासरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको यो सूचना जारी गरिएको छ । यस सूचना प्रकाशन भएको मितिले ०७ ( सात) दिनभित्र सूचना टाँस भएको स्थान वा वन तथा वातावरण मन्त्रालय ( लुम्बिनी प्रदेश ) वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | लुम्बिनी सिटी अस्पताल एण्ड मेडिकल साइन्स प्रा.लि.<br>रूपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं ०६ चादबारी , लुम्बिनी प्रदेश<br>फोन :९८५७०२८७४७ इमेलःbasantagc747@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | नेपाल सेन्टर फरईन्भारोमेन्टल रिसर्च प्रा.लि.<br>च्यासल, ललितपुर<br>फोन नं : ९८४३१४०८६५ इमेलःnepalcer@gmail.com |

# कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**नवलपरासी (ब.सु.पू),गण्डकी प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/११/१५
दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/२१
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०१/०५ दिनको १२ बजे

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र गण्डकी प्रदेशको आर्थिक ऐन २०७९ मा व्यवस्था भए अनुसार तल उल्लेखित नदीहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु लगायतको कागजातहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घनफिट) | न्युनतम बोलकबोल रकम (अग्रिम आयकर र VAT बाहेकरु.) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | 21/REV/ KM/2081 /82 | Extraction of River Bed Material From Kerunge Khola<br>a) Highway dakshin khanda-kha,<br>b) Hhighway uttar sisaughari khanda-ka<br>c) Hhighway uttar sishaughari khanda -kha | १६,६७,१९१.६८ | १,५०,०४,७२५.१२ | कबोल अंकको ५% रकम(VAT सहितको रकमको) | ५०००/- |
| २ | 22/REV/ KM/2081 /82 | Extraction of River Bed Material From Kerunge khola<br>a) Shivabasti khanda- kha<br>b) Hasaura khanda-kha,<br>c) Hasaura khanda Ga | २१,०४,३१०.८८ | १,८९,३८,७९७.९२ | कबोलअंकको ५% रकम(VAT सहितको रकमको) | ५०००/- |
| ३ | 23/REV/ KM/2081 /82 | Extraction of River Bed Material From Kerunge khola<br>a) Hattikhor khanda-Ka<br>b) Hattikhor khanda-Kha<br>c) Hattikhor khanda-Ga | २६,१९,५४० | २,३५,७५,८६० | कबोलअंकको ५% रकम(VAT सहितको रकमको) | ५०००/- |
| ४ | 24/REV/ KM/2081 /82 | Extraction of River Bed Material From Kerunge khola<br>a) Hattikhor khanda-Gha<br>b) Hattikhor khanda-Nga | २७,७८,३०० | २,५०,०४,७०० | कबोल अंकको ५% रकम(VAT सहितको रकमको) | ५०००/- |

**शर्तहरू**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय कावासोतीमा रहेको यस कार्यालयको खाता नं ३२००१००३०१०१०००३ मा नगद जम्मा गरेको नगद भौचर साथ E–Bidding मार्फत बोलपत्र पेश गर्ने अन्तिम दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको (VAT सहितको रकमको) ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं.३२००१००३०३००००३ मा जम्मा गरी सोको सकल बैंक भौचर पेश गर्नु पर्नेछ ।
३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी पेश गर्नुपर्नेछ ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेखगरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्नसकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. बोलपत्र स्वीकृत भएको मितिले १५ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र र कबोल अकंको ५०% प्रथम किस्ताबापतप्रतिशतले हुने रकम यस कार्यालयको बैंक खातामा जम्मा गरेको भौचर प्रति समेत अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापतको ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ असारमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड) समेत पेश गरी पठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप मूल्य अभिवृद्दी कर १३ % र मु.अ.कर १.५% सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।
७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।
८. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट जारीगरिएको बातावरणीय अध्ययन प्रतिवेदन र राष्ट्रपति चुरे तराई मधेश संरक्षण तथा विकास समितिको निर्देशन र सर्तहरु यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ
९. थप जानकारी www.kawasotimum.gov.np, www.bolpatra.gov.np/egp र ९८४३५००७११, ९८४७३५६७९५ बाट प्राप्त गर्न सकिनेछ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# सबैको सहकारीलाई उत्कृष्ट सहकारी पुरस्कार



बुटवल । रुपन्देहीको सबैको बचत तथा ऋण सहकारी संस्था लुम्बिनी प्रदेशको उत्कृष्ट सहकारी पुरस्कारबाट पुरस्कृत भएको छ । प्रदेश सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले प्रदेशस्तरीय कार्यक्षेत्र भएका ८ सय ४८ सहकारी मध्ये कार्य सम्पादन मूल्यांकनमा सबैको बचत तथा ऋण सहकारी संस्थालाई पुरस्कृत गरेको हो । मन्त्रालयले पर्ल्स, सदस्य केन्द्रीयता र सुशासनका क्षेत्रमा विभिन्न सूचक निर्धारण गरी संस्थाहरुको सघन मूल्यांकन गरेको थियो । ६८औं सहकारी दिवसका अवसरमा दाङमा भएको कार्यक्रममा मुख्यमन्त्री चेतनारायण आचार्य र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले सहकारीका अध्यक्ष भरतराज भुसाललाई नगद सात हजार पुरस्कार तथा प्रमाणपत्र प्रदान गरे ।

चार वर्षअघि ११ वटा सहकारी एकीकरण भएर बनेको सबैको सहकारीमा ८ हजार सदस्य छन् । एक अर्ब २८ करोड कूल पुँजी र १० करोड ५० लाख शेयर पुँजी रहेको सहकारीको तिलोत्तमा-५ मा केन्द्रीय कार्यालय सहित ११ वटा सेवा केन्द्र छन् । सहकारीलाई पुरस्कार वितरण गर्दै मुख्यमन्त्री आचार्यले सहकारी संस्थाहरु समाजवादी अर्थतन्त्रको मेरुदण्ड भएको बताए । सहकारीको विकास र नियमनमा सरकार योजनाबद्ध रुपमा लागेको बताउँदै उनले अन्य प्रदेशबाट प्रवेश गरेका केही सहकारीले समग्र सहकारीको बदनाम गरेको उल्लेख गरे । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले सहकारीलाई सही मार्गमा हिंडाउन सरकारले नियमित नियमन गरी कार्यसम्पादन मूल्यांकनका आधारमा असल सहकारी र कमसल सहकारीको वर्गीकरण गर्ने बताए ।

नेफ्स्कुनका वरिष्ठ उपाध्यक्ष दामोदर अधिकारीले मोफसलका सहकारीहरु खासै संकटमा नपरेको बरु काठमाडौंबाट आयातित र शक्ति केन्द्रबाट निर्देशित दर्ताकै बहुजिल्ला र बहुप्रदेश कार्यक्षेत्र दिइएका सहकारीहरुमा समस्या भएको औंल्याए ।

पुरस्कृत सहकारीका अध्यक्ष भरतराज भूसालले सहकारीहरुको कार्यसम्पादन मूल्यांकन र सहकारीहरुको वर्गीकरणले राम्रो गर्नेलाई हौसला र कमजोर कार्यसम्पादन भएकालाई सुध्रिने अवसर प्राप्त हुने हुँदा कार्यसम्पादन मूल्यांकनलाई निरन्तर र थप प्रभावकारी बनाउन आग्रह गरे । सहकारी संस्थाहरुले अनिवार्य रुपमा तिर्दै आएको सहकारी प्रवर्धन कोषको रकम सहकारी नियमन र कार्य सम्पादन मूल्यांकनमा खर्च गर्न पनि उनले आग्रह गरे ।

# नेपाली राष्ट्रिय क्रिकेट टोलीको बन्द प्रशिक्षण सुरु



भैरहवा । आगामी हप्तादेखि हङकङमा हुने चारदेशिय टी-२० सिरिजका लागि भैरहवामा नेपाली राष्ट्रिय क्रिकेट टोलीको बन्द प्रशिक्षण सुरु भएको छ। रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा बुधबारदेखि बन्द प्रशिक्षण सुरु भएको हो । रोहितकुमार पौडेलको कप्तानीमा रहेको राष्ट्रिय क्रिकेट टिमलाई नेपाली टिमका प्रशिक्षक ज्ञानेन्द्र मल्लले प्रशिक्षण गर्नेछन् । भैरहवामा पहिलो पटक राष्ट्रिय टिमको प्रशिक्षण भएको हो ।

बन्द प्रशिक्षणमा आएका खेलाडीहरुलाई रुपन्देही क्रिकेट संघले बुधबार बिहान स्वागतसहित आगामी सिरिजका लागि सफलताको शुभकामना व्यक्त गरेको छ । संघका अध्यक्ष हरिबहादुर थापाले खानपिन र अनुशासनमा रहेर खेले अहिलेको राष्ट्रिय टिमका सदस्यहरुले अझैं १० वर्ष खेल्ने विश्वास व्यक्त गरे । उ

नले राष्ट्रको सिर उचो गराउने गरी खेल खेल्न शुभकामना दिए । बन्द प्रशिक्षणमा रहँदा मिहिनत गर्न उनले आग्रह गरे । 'तपाईंहरु राष्ट्रका गहना हो', उनले भने-'त्यसैले तपाईंहरुले सफलता पाउँदा होस् वा नपाउँदा होस् सबै नेपालीहरु साथमा छन् । यसपटक सफलता हात पर्नेमा हामी विश्वस्त छौं ।'

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले नेपालको क्रिकेटले पछिल्लो समय गरेको प्रगती गर्व गर्न लायक रहेको जनाए। उनले राष्ट्रभक्ति र राष्ट्रियतालाई आत्साथ गरेर क्रिकेट खेल्न आग्रह गरे ।

'तपाईंहरु मैदानमा खेलिरहँदा हाम्रो छाती गर्वले फुलिन्छ, छाती ढुकढुक हुन्छ, हाम्रा खेलाडीले जिते हुन्थ्यो भन्ने हुन्छ', उनले भने- 'त्यसैले सधैं मिहिनत गर्नुस्, राष्ट्रप्रेम यहाँहरुलाई थाहा छ, क्रिकेटको महत्व बुझ्नु भएकै छ ।' उनले हङकङको सिरिज जितेर आउन शुभकामना दिए ।

प्रशिक्षक ज्ञानेन्द्र मल्लले हङकङमा हुने सिरिज यसपटक नेपाल ल्याउने लक्ष्य रहेको जनाए । उनले टिम एकजुट भएर सबै नेपाललाई एकै ठाउँमा बाँधी खुशी तुल्याउने गरी खेलाडीहरुले खेल प्रदर्शन गर्ने विश्वास जनाए । राष्ट्रिय टिमका कप्तान रोहितकुमार पौडेलले टिमले एकजुट भएर राम्रो प्रदर्शन गरी सिरिज जित्ने लक्ष्य राखेको बताए ।

उनले भर्खरै प्रधानमन्त्री कप सम्पन्न भएकाले त्यसबाट धेरै खेलाडीहरुको अभ्यास समेत भएकाले जति सक्दो राम्रो गर्ने आफूहरुको लक्ष्य रहेको जनाए ।

नेपाल क्रिकेट संघ (क्यान) छनोटमा परेका २० जना खेलाडीहरु बन्द प्रशिक्षणमा सहभागी छन् । हङकङमा हुने चारदेशिय सिरिजपछि नेपाटी टिम आगामी जुनमा स्कटल्याण्डमा घरेलु टोली र नेदरल्याण्ड्ससँग लिग टु को चौथो सिरिज खेल्नेछ ।

बन्द प्रशिक्षणमा रहेका खेलाडीहरुमा रोहितकुमार पौडेल, कुशल भूर्तेल, आशिफ शेख, किरणकुमार ठगुन्ना, लोकेश बम, बसिर अहम्मद, दीपेन्द्रसिंह ऐरी, ललितनारायण राजवंशी, सोमपाल कामी, करण केसी, कमलसिंह ऐरी, नन्दन यादव, रिजन ढकाल, गुलशनकुमार झा, अर्जुन घर्ती, कुशल मल्ल, रुपेश सिंह, दीपेन्द्र रावत, शाहब आलम र विवेक यादव छन् ।

# महोत्सव तथा व्यापार मेलाको आम्दानी र खर्च सार्वजनिक



**बासुदेव ढकाल**

*पाल्पा(रामपुर)*

पाल्पाको रामपुर उद्योग वाणिज्य संघ रामपुर पाल्पाले गत माघ १५ गतेदेखि २७ गतेसम्म सञ्चालन भएको चौथो रामपुर महोत्सव तथा व्यापार मेला २०८१ को आम्दानी र खर्च सार्वजनिक गरेको छ । संघको कार्यालय सभाहलमा भएको आम्दानी र खर्च सार्वजनिक कार्यक्रममा रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्रप्रकाश ढकालले चौथो रामपुर महोत्सव तथा व्यापार मेला २०८१ मा कुल आम्दानी १ करोड ३० लाख १० हजार २५ रुपैयाँ भएको र कुल खर्च १ करोड १ लाख २४ हजार आठ सय सत्र रुपैयाँ खर्च भएको सार्वजनिक गरेका छन् । पत्रकार सम्मेलन गरी अध्यक्ष ढकालले २८ लाख ८५ हजार २ सय ६८ रुपैयाँ महोत्सवबाट संघलाई खुद बचत आम्दानी भएको जानकारी गराएका छन् ।

जसमा ७९ लाख ८१ हजार १ सय, विशेष टिकट बिक्री ६८ हजार ७ सय पचास, स्टल तथा होटल व्यवस्थापनबाट ५१ लाख ३४ हजार ५ सय, प्रायोजक, सह-प्रायोजक ५ लाख ४६ हजार, घरेलु तथा साना उद्योग कार्यालय पाल्पा ७३ हजार ८ सय ७५ रुपैयाँ, पशु पंछी तथा मत्स्य विकास निर्देशनालयबाट ३० हजार आम्दानी भएको जानकारी दिए

त्यस्तै साँस्कृतिक कार्यक्रम खर्चमा २३ लाख २७ हजार ५ सय, कलाकार आवास व्यवस्थापनमा १ लाख ५ हजार, टिकट व्यवस्थापन १ लाख ७२ हजार १ सय ५० रुपैयाँ, संघसस्था कार्य समिति टिकटमा ७ लाख ७८ हजार २ सय, खानेपानी र सरसफाइमा ४ लाख ४७ हजार, फोटो प्रदर्शनीमा १ लाख ८ हजार, फोटो ग्राफी भिडियो ग्राफीमा २ लाख ५० हजार, खादा फूलमाला र मायाको चिनोमा ३ लाख ३ हजार, प्राथमिक उपचार तथा आपतकालिनमा २३ हजार, विद्युत् तथा प्लम्बीङ्गमा ३ लाख ९१ हजार, सचिवालय तथा मञ्च व्यवस्थापनमा ५ लाख ५९ हजार, कृषि प्रदर्शनी कृषक पुरस्कारमा ९१ हजार, सुरक्षा व्यवस्थापनमा ३ लाख ३५ हजार, वहाल विटौरी/मनोरञ्जन कर (रामपुर नपा)मा ३ लाख ४९ हजार ५५ रुपैयाँ, रेडियो पत्रपत्रिका मिडियामा २ लाख १९ हजार रुपैयाँ, सूचना प्रविधि तथा सञ्चारमा १ लाख ५ हजार, प्रवेश द्वार निर्माण व्यवस्थापनमा ३ लाख ४८ हजार ७ सय, भलिबल प्रतियोगितामा २ लाख २२ हजार २ सय २२, प्रतियोगितात्मक कार्यक्रममा ६ लाख २८ हजार ९ सय ५२, झाँकी ऱ्यालीमा १ लाख ४८ हजार ५ सय ५० भएको जानकारी गराइएको थियो ।

वाणिज्य उपाध्यक्ष विष्णुबहादुर सारुको स्वागतबाट सुरु भएको कार्यक्रमा नेपाल पत्रकार महासंघकी उपाध्यक्ष बन्दना पोखरेल, रामपुर उद्योग वाणिज्य संघ मिडिया संयोजक तथा प्रचारप्रसार उपसमिति संयोजक बासुदेव ढकाललगायत सहभागीहरुले महोत्सवको सफलता जन भव्यताका साथ सम्पन्न भएकोमा जिज्ञासा राखेका थिए । कार्यक्रम संघका महासचिव पुरुषोतम केसीले सञ्चालन गरेका थिए । सोही अवसरमा महोत्सवको उत्कृष्ठ रिपोर्टिङ्ग गर्ने पत्रकार इमान सिं रानालाई नगरसहित सम्मान गरिएको थियो ।

# मृतक परिवारलाई १०-१० लाख दिइने

बुटवल । सरकारले गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनमा ज्यान गुमाएकाको परिवारलाई १०/१० लाख दिने निर्णय गरेको छ ।

गृहमन्त्रीस्तरीय बैठकले उक्त निर्णय गरेको उनको सचिवालयले जनाएको छ । उक्त दुर्घटनामा परेर कीर्तिपुरका २९ वर्षीय सविन महर्जन र पत्रकार सुरेश रजकको निधन भएको थियो । उनीहरु दुवैको पोस्टमार्टम भइसकेको छ । पोस्टमार्टम रिपोर्ट अनुसार रजकको शररीमा कुनै गोली नभेटिएको चिकित्सकले बताएका छन् ।

महर्जनको भने शरीरमा एउटा गोली लागेको भेटिएको थियो ।

सविनको मंगलबार नै दाहसंस्कार गरिएको छ । रजकको आज दाहसंस्कार हुने बताइएको छ ।




# होटेल व्यवसायी संघको चुनाव स्थगित

बुटवल । होटेल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीको चैत २४ र २५ गते हुने तय भएको अधिवेशन (चुनाव) स्थगित भएको छ ।

संघको अधिवेशनअन्तर्गत आगामी नेतृत्वका लागि मनोनयन दर्ताका क्रममा वर्तमान नेतृत्वले निर्वाचन प्रभावित गर्न जालझेल गरेको, सहमतिको भ्रम छरेर इच्छुक व्यवसायीलाई मनोनयन दर्ता गर्नबाट वञ्चित गरेको, पदको दुरुपयोग गर्दै निर्वाचनलाई प्रभावित गर्न खोजेको भन्दै निर्वाचन प्रकृया रद्दको मागसहित व्यवसायीले तालाबन्दी गरेपछि चुनाव स्थगित भएको हो । संघका वरिष्ठ उपाध्यक्ष माधव खनालले अब नयाँ चुनावी प्रकृया सुरु गर्न सहमत भएमात्र तालाबन्दी खोलिने बताए ।

उनले राजनीतिक भागवण्डाका आधारमा नभई नेतृत्वमा आउन चाहने व्यवसायीलाई प्रतिस्पर्धामा वञ्चित नगरी उम्मेदवारी दर्ता गर्न दिइनुपर्ने व्यवसायीहरुको माग रहेको बताए ।

व्यवसायीले तालाबन्दी गरेपछि दिनभर भएको छलफलमा सहमति जुट्न नसकेपछि निर्वाचन समिति संयोजक अधिवक्ता शालिकराम बन्जाडेले सूचना जारी गर्दै व्यवसायीको तालाबन्दीका कारण चुनाव गराउन नसकिएकाले अर्को सूचना जारी नभएसम्मका लागि निर्वाचन स्थगित भएको जानकारी गराएका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

नवलपरासी, बर्दघाट सुस्तापुर्व

गण्डकी प्रदेश, नेपाल

स्था : २०७३

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/१२/२१

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन२०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

**तपशिलः**

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनलसम सहित ) |
|---|---|---|---|---|
| 1. | 19/BTRM/ NCB/Works/ 2081-082 | Warda Number 2 ko Bhihinna Bhitri Bato Istarunnati | HarHarGange Construction Company Pvt.Ltd Bishnupur -01 ,Siraha , Nepal | रु 40,28,100.38 |
| 2. | 24/BTRM/ NCB/Works/ 2081-082 | Ward No 4 Bhibhina Bato Istarunnati | HarHarGange Construction Company Pvt.Ltd Bishnupur -01 ,Siraha , Nepal | रु 49,29,148.60 |

प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com